# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाण्डौ

मिति: २०७५/०२/०२ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

---

राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय बर्दिवास, महोत्तरीमा कार्यरत सहायक प्रबन्धक जगदिश प्रसाद काफ्लेले नेपाल सरकारको कृषि अनुदान कार्यक्रम अन्तर्गत कृषि अनुदानमा गाई पालनको लागि सरकारी ऋण उपलब्ध गराई दिए वापत सेवाग्राहीसँग रु.५०,०००/- (पचास हजार) घुस/रिसवत माग गरिरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिवासबाट खटिइ गएको टोलीले निजलाई रु.५०,०००/-(पचास हजार) घुस वापतको रकम लिईसकेको अवस्थामा नियन्त्रणमा लिइ अनुसन्धान हुँदा निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम कसुर गरेको देखिन आएकोले निजलाई बिगो रु.५०,०००/-(पचास हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र सोही दफाको उपदफा (१) को देहाय (ख) बमोजिम बिगो जफत गरी बिगो बमोजिम जरिवाना र तीन महिना देखि चार महिनासम्म कैद सजाय हुन मागदावी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

(दीर्घराज मैनाली)
सह-सचिव एवं प्रवक्ता